NON-RESIDENT NEPALI ASSOCIATION गैरआवासीय नेपाली संघ

# The Global Nepali

*अंक ५, कार्तिक २०६७ – फाल्गुण २०६७* **Issue 5, November, 2010– Feb, 2011**

आदरणीय पाठक वृन्दः

नमस्कार !

गैरआवासीय नेपाली संघ सचिवालयले प्रकाशनमा ल्याउने गरेको समाचार पत्र (E-News Letter) को पाँचौ अंक यहाँहरु समक्ष राख्न पाउँदा हामीहरुलाई खुशी लागेको छ । यस अंक देखि यस न्युजलेटरको नामाकरण गर्ने प्रयास स्वरुप ग्लोवल नेपाली भन्ने नाम दिएका छौं । यहाँहरुबाट यस न्यूजलेटरको सम्बन्धमा सुझावको स्वागत गर्दछौं । २०१० नोभेम्वर १ देखि २०११ फेब्रुअरी २८ सम्म भएका महत्वपूर्ण कामहरुका समाचारहरु यस अंकमा समावेश गरिएका छन् ।

सचिवालयबाट निस्कने यस समाचार पत्रलाई हामीहरुले सुधार गर्दै लैजानु पर्ने धेरै ठाउँहरु छन् तसर्थ यहाँहरुको सृजनशील सुझावहरुको सधैं अपेक्षा गर्दछौं । यस अंकमा समावेश भएका सामग्रीहरु बारे जिज्ञासाहरु भए webmaster@nrn.org.np पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।
यस अंकमा निम्न विषयलाई समेटेका छौः

- पाँचौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन दुवइमा सम्पन्न
- शान्ति र संविधान सम्बन्धमा गैरआवासीय नेपालीहरु, धार्मिक चिन्तकहरु र शीर्ष नेताहरु वीच छलफल
- गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्व टोलीद्वारा शीर्ष नेताहरुसंग भेटघाट
- गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुको सभामुख र संवैधानिक समितिका सभापतिसंग भेटघाट
- नेपाल पर्यटन वर्षको शुभारम्भ कार्यक्रममा गैरआवासीय नेपालीहरुको सहभागिता
- इलाइब्रेरी सम्बन्धि छलफल कार्यक्रम
- गैरआवासीय नेपाली संघ र हस्तकला महासंघ वीच सम्झौता पत्रमा हस्ताक्षर
- खुला विश्वविद्यालयको सम्पर्क कार्यालय शिक्षा मन्त्रालयमा स्थापना
- सामूहिक लगानी सम्बन्धमा नेपाल राष्ट्र बैंकको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठनको पहल
- गैरआवासीय नेपालीलाई नागरिकता दिइने निर्णयको स्वागत
- राष्ट्रिय समन्वय परिषदहरुद्वारा आयोजित कार्यक्रमहरु

अन्य नछुट्नु पर्ने कुराहरु छुटेका भए सुझाव र सान्दर्भिकताका आधारमा समावेश गर्ने छौं । त्रुटिहरु भए औंल्याइ दिन हुन सादर अनुरोध गर्दछौं ।

धन्यवाद !

गैरआवासीय नेपाली संघ सचिवालय

**NRNA SECRETARIAT**
**FNCCI Building, Pachali Shahid Shukra Milan Marg, Teku,**
**PO Box 269, Kathmandu, Nepal**

**Tel: (+977-1) 4215247/4262061, Fax: 4215247**
**Email: nrn@nrn.org.np; contact@nrn.org.np**
**Web: www.nrn.org.np**

## पाँचौ गैरआवासीय नेपाली सम्मेलन संयुक्त अरव इमिरेट्सको दुवइ शहरमा सम्पन्न



पाँचौ गैरआवासीय नेपाली सम्मेलन संयुक्त अरव इमिरेट्सको दुवइ शहरमा सम्पन्न गैरआवासीय नेपाली संघको पाँचौ क्षेत्रीय सम्मेलन १२ बुँदे घोषणा जारी गर्दै २०११ जनवरी १६ का दिन दुवइमा सफलतापूर्वक सम्पन्न भएको छ । "सामूहिक लगानी र सुरक्षित आप्रवासन" मूख्य विषयका साथ तीन दिनसम्म चलेको यो सम्मेलनको उद्धाटन सत्रको प्रमुख अतिथिमा उपप्रधान तथा परराष्ट्र मन्त्री माननीय सुजाता कोइरला, मुख्य अतिथिमा श्रम तथा यातायात मन्त्री माननीय शेख आफ्ताव आलम, अतिथिहरुमा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार रघुजी पन्त, माननीय राजेन्द्र खेतान, नेपाल राष्ट्र वैंकका गभर्नर डा. युवराज खतिवडा, साउदी अरेवीयाका लागि तत्कालिन नेपाली राजदूत महामहिम हमीद अन्सारी, कतारका लागि नेपाली राजदूत महामहिम डा. सुर्यनाथ मिश्र, युएइका लागि नेपाली राजदूत महामहिम अर्जुन बहादुर थापा, कुवेतका लागि नेपाली राजदूत महामहिम मधुवन प्रसाद पौडेल हुनुहुन्थ्यो भने सम्मेलनको सभापतित्व गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले गर्नु भएको थियो । यसै गरि अन्य अतिथिहरुमा श्रम तथा यायात मन्त्रालयका सचिव दिनेश हरी अधिकारी, गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो, गैरआवासीय नेपाली संघका संरक्षक द्वय राम प्रताप थापा र भिम उदास, गैरआवासीय नेपाली संघका सल्लाहकारहरु डा. देवकाजी डंगोल, इन्द्रा वन, डा. जुगल भूर्तेल, गैरआवासीय नेपाली संघका उपाध्यक्ष द्वय जीवा लामिछाने, सागर नेपाल र संघका महासचिव रतन झा हुनुहुन्थ्यो । वैठकमा २२ मुलुकका ४०० भन्दा बढी प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वैदेशिक रोजगारलाई सुरक्षित बनाउनु पर्ने एवं सामूहिक लगानीका लागि वातावरण बनाउनु पर्ने दुई महत्वपूर्ण विषयमा छलफल भएको थियो । आधा भन्दा बढी गैरआवासीय नेपालीहरुको रहेको खाडी क्षेत्रमा गैरआवासीय नेपाली अभियानलाई अझ बढी विस्तार र सुद्दढ गर्ने उद्देश्यले पाँचौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन दुवइमा आयोजना गरिएको हो ।

---

## शान्ति र संविधान सम्बन्धमा गैरआवासीय नेपालीहरु, धार्मिक चिन्तकहरु र शीर्ष नेताहरु वीच छलफल




काठमाडौं ६ जनवरी २०११ का दिन गैरआवासीय नेपाली संघले संघका अध्यक्ष देवमान हिराचनको संयोजनमा वर्तमान गत्यावरोध अन्त गर्न, नयाँ सरकार गठन र नयाँ संविधान निर्माणको प्रकृयालाई सफलता साथ निष्कर्षमा पुर्‍याउन राजनैतिक दलका शीर्ष नेताहरु एवं नेपालका प्रमुख धर्मका चिन्तकहरुको उपस्थितिमा निकासको ठोस योजना निर्माण गर्नका साथै तोकेको समय सीमा भित्र संविधान निर्माण गर्न प्रतिवद्धता जाहेर गर्दै हस्ताक्षर सहित कार्यक्रम सम्पन्न भएको छ। शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुर्‍याउन एनआरएनले सहजकर्ताको भूमिका निभाउन आफू उपलव्ध हुन सक्ने जनाएको छ। गत्यावरोध अन्त र संविधान निर्माण तोकेको समयमा प्रतिवद्धता जाहेर गर्ने शीर्ष नेताहरुमा माननीय पुष्पकमल दाहाल, अध्यक्ष – एनेकपा माओवादी, श्री शुसिल कोइराला – सभापति नेपाली कांग्रेस, माननीय झलनाथ खनाल – अध्यक्ष नेकपा एमाले र उपेन्द्र यादव, अध्यक्ष – मधेशी जनअधिकार फोरम नेपाल हुनुहुन्छ। चिन्तकहरुमा डा. चिन्तामणि योगि, श्री धर्म मुक्ति, डा. गोविन्द टण्डन, श्री नजुरल हुसैन, श्री लोकमणि ढकाल र डा. अनुजा गुरुमाको उपस्थिति रहेको थियो । चिन्तकहरुले परम्परागत परिधानमा आई नेताहरुलाई गत्यावरोध अन्त्य गर्न र संविधान निर्माण गर्न इश्वरले उर्जा र सदबुद्धि दिउन भन्दै आर्शीवाद दिनु भएको थियो ।

उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघका सचिव तेन्जी शेर्पाले सहभागी सबैलाई धन्यवाद दिनु भएको थियो भने सचिवालयका कार्यकारी निर्देशक होमराज आचार्यले शीर्ष नेताहरुद्वारा हस्ताक्षर गरिने प्रतिवद्धता पत्र पढेर सुनाउनु भएको थियो ।

उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघ ओसिनियाको क्षेत्रीय संयोजक गोवा कटुवाल, गैरआवासीय नेपाली संघका सल्लाहकार विश्वकान्त मैनाली, अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य सुधिर तिमिल्सना, नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक हेमन्त दवाडी, गैरआवासीय नेपालीहरु लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

## गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्व टोलिद्वारा प्रमुख राजनैतिक दलका शिर्षथ



सन् २०१० नोभेम्वर १ र २ गते गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वमा गएको गैरआवासीय नेपालीहरुको एक प्रतिनिधिमंडलले नेपालका प्रधानमन्त्री, उपप्रधान तथा परराष्ट्र मन्त्री, संविधानसभाका अध्यक्ष, नेपालका प्रमुख राजनैतिक दलका शीर्ष नेताहरुः एनेकपा माओवादीका अध्यक्ष, नेपाली कांग्रसका सभापति, नेकपा एमालेका अध्यक्ष र मधेशि जनअधिकार फोरम नेपालका अध्यक्षसंग भेटघाट गरी निम्नलिखित कुराहरुलाई समाधान गर्न जोडदार अपिल गरेको थियो। जसमा प्रधानमन्त्रीको निर्वाचन र राजनैतिक गतिरोधको अन्त्य, संविधान लेखन प्रकृया अगाडि बढाउन आग्रह एवं सहमति, सहकार्य, सहभागिता र सहिष्णुतापूर्ण राजनीतिका लागि अनुरोध र नयाँ बन्ने संविधानमा गैरआवासीय नेपालीको नागरिकता सम्बन्धी विषयमा हुनुपर्ने प्रावधान बारे जानकारी गराईएको थियो । यी कुराहरुको संबोधन गर्ने क्रममा निम्न बमोजिम धारणाहरु रहेका थिएः

- आपसी सहमतिको विकल्प नरहेकोले सबै राजनैतिक दलका नेताहरुले एक आपसमा समझदारी गरी गतिरोध अन्त्य गर्ने प्रयासमा लागिरहेको ।
- गैरआवासीय नेपालीहरुले दिएका सुझावहरुलाई सकारात्मक रुपमा लिदै उहाँहरुले गैरआवासीय नेपालीहरुको संजाल ठूलो रहेको र देश प्रतिको निस्वार्थ चिन्ता रहेको कुरा बताउँदै राजनैतिक दलका सबै नेताहरुलाई अहिलेको प्रकृयाबाट गतिरोध अन्त्य हुन नसक्ने भएको हुँदा नयाँ शिराबाट जानका लागि दबाब दिनु पर्ने कुरा बताएका थिए ।
- संविधान सभाका अध्यक्ष सुवास चन्द्र नेम्वाङ्गले अहिले सम्ममा सबै लोकतान्त्रिक उपलब्धिहरुलाई संविधान सभाले संस्थागत गर्नु पर्ने हुन्छ त्यसका लागि संविधान निर्माण हुनु आवश्यक छ भन्दै अहिले सम्म धेरै सकारात्मक कुराहरु भएका छन् भन्नु भएको थियो । अहिलेको समयमा गैरआवासीय नेपालीहरुको भूमिका सकारात्मक भएको बताउनु भएको थियो ।
- त्यसै गरी नेपालका प्रधानमन्त्रीसंग भएको छलफलमा गैरआवासीय नेपालीहरुले राजनैतिक दलका सबै नेताहरुलाई सहकार्य गर्नका लागि दबाब दिन र अहिलेको गतिरोध अन्त्य गरी शान्ति प्रकृयालई सकारात्मक निष्कर्षमा पुर्याउन गैरआवासीय नेपालीहरुको ठूलो भूमिका हुनसक्ने बताउँदै सहजकर्ताको कार्य गर्न आग्रह गर्नु भएको थियो ।

माथिको उक्त छलफल कार्यक्रमहरुमा गैरआवासीय नेपाली संघका संरक्षक भीम उदास लगायत विभन्न मुलकका आइसिसि सदस्यहरु, एनसिसिका पदाधिकारीहरु लगायत अन्य गैरआवासीय नेपालीहरुको सहभागीता रहेको थियो ।

## गैरआवासीय नेपालीलाई नागरिकता दिइने निर्णयको स्वागत

नोभेम्वर ४, २०११ का दिन गैरआवासीय नेपाली संघले नेपाल सरकारको उच्चस्तरीय कार्यदलद्वारा गैरआवासीय नेपालीलाई नागरिकता दिने गरी गरेको निर्णयलाई स्वागत गर्दै नेपाल सरकार तथा उच्चस्तरीय कार्यदलका सम्पूर्ण सदस्यहरुमा हार्दिक आभार प्रकट गरेको छ ।

यस निर्णयले संसार भर भएका गैरआवासीय नेपालीहरुलाई अत्यन्त खुशी तुल्याउनुका साथै देश विकासमा अझ तदारुकताका साथ सहभागी हुन थप उर्जा सिंचन गरेको अनुभूति विदेशमा रहेका गैरआवासीय नेपालीहरुले गरेको छन् ।

## नेपाल पर्यटन वर्षको शुभारम्भ कार्यक्रममा गैरआवासीय नेपालीहरुको सहभागिता




२०११ जनवरी १४ का दिन नेपाल पर्यटन वर्षको शुभारम्भको उपलक्ष्यमा एक भव्य कार्यक्रमको आयोजना दशरथ रंगशालामा गरिएको थियो । सो कार्यक्रमको उद्घाटन नेपालका राष्ट्रपति डा. रामवरण यादवले गर्नु भएको थियो । सो समारोहमा नेपालका उपराष्ट्रपति, प्रधानमन्त्री, संविधान सभाका अध्यक्ष, मन्त्रीपरिषदका सदस्यहरु लगायत अन्य विशिष्ट व्यक्तिहरु सहभगिता रहेको थियो । यस समारोहमा विभन्न संस्थाहरुले नेपालको मौलिकता झल्कने खालका विभन्न झाँकीहरुका साथै नृत्यहरु प्रस्तुत गरेका थिए ।

यसै गरी सो कार्यक्रममा गैरआवासीय नेपाली संघका सचिव एवं नेपाल प्रवर्द्धन कार्य दलका संयोजक तेन्जी शेर्पा, आइसिसि सदस्य सुधिर तिमिल्सिना, एनसिसि डेनमार्कका अध्यक्ष सोमनाथ सापकोटा, अमेरीकाका एनआरएन लक्ष्मी सिंखडा लगायत अन्य एनआरएनहरुको सहभागिता रहेको थियो ।

## नागरिकता सम्बन्धी विषयमा गैरआवासीय नेपाली संघका प्रतिनिनिधिहरुको संविधान सभाका अध्यक्ष र संवैधानिक समितिका सभापतिसंग भेटघाट



२०११ जनवरी २३ का दिन गैरआवासीय नेपाली संघका संरक्षक एवं दोहोरो नागरिकता कार्यदलका संयोजक राम प्रताप थापा र गैरआवासीय नेपाली संघ सचिवालयका कार्यकारी निर्देशक होमराज आचार्यले संविधान सभाका अध्यक्ष सम्मानीय सुभाष चन्द्र नेम्वाङ्गसंग वहाँको निवासमा भेटी गैरआवासीय नेपालीलाई नयाँ बन्ने संविधानमा गर्न लागिएको नागरिकता सम्बन्धी व्यवस्थाको वर्तमान अवस्थाका बारेमा जानकारी लिनु भएको थियो ।

यसै विषयलाई अगाडि बढाउन त्यसै दिन संघका महासचिव रतन कुमार झाको नेतृत्वमा दिउसो २ बजे गएको गैरआवासीय नेपालीको टोलिले संवैधानिक समितिका सभापति माननीय निलाम्वर आचार्यलाई भेट गरी नयाँ बन्ने संविधानमा एक पटकको नेपाली सधैको नेपाली रहने भावना सुनिश्चित गर्नका लागि पहल गर्न आग्रह गर्नु भएको थियो । नेपाल सरकारको उच्च स्तरीय कार्यदलको निर्णय र २७ दलबाट अनुमोदित गैरआवासीय नेपालीलाई दिइने नागरिकता सम्बन्धी व्यवस्था संविधानको मस्यौदामा छुट्न नजाओस भन्ने कुरा संघका संरक्षक एवं दोहोरो नागरिकता कार्यदलका संयोजक राम प्रताप थापाले स्मरण गराउनु भयो।

उक्त छलफल कार्यक्रममा गैरआवासीय नेपाली संघका संरक्षक भीम उदास, सचिव तेन्जी शेर्पा, ओसीयानाका क्षेत्रीय संयोजक गोवा कटुवाल, क्यानाडाका आइसिसि सदस्य प्रमोद ढकाल एवं अमेरिकाका एनआरएनहरुमा राम खरेल, प्रेम राजा महत, लोक तिवारी, लक्ष्मी सिंखडाका साथै अन्य गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो।

## इलाइब्रेरी सम्बन्धि छलफल कार्यक्रम



२०११ फेब्रुअरी १५ का दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीश चन्द्र पोखरेलको अध्यक्षतामा बसेको वैठकमा नेपालमा इलाइब्रेरी स्थापना गर्ने सम्बन्धमा विशेष छलफल कार्यक्रम सम्पन्न भएको छ। यो छलफल कार्यक्रम गैरआवासीय नेपाली संघ र हेल्प नेपालको संयुक्त पहलमा राष्ट्रिय योजना आयोगको हलमा आयोजना गरिएको थियो। कार्यक्रम संचालन गर्नको लागि राष्ट्रिय योजना आयोगले सहयोग गरेको थियो। ईलाईब्रेरी परियोजनालाई अगाडी बढाउन र आवश्यक वातावरण तयार पार्न यस कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रम आयोजना गर्न राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. तीर्थराज खनियाँको विशेष सहयोग रहेको थियो ।

इलाइब्रेरी संचालन विषयमा अष्ट्रेलियाबाट SKI कार्यदलका प्रमुख डा. राजु अधिकारीले स्काइप मार्फत आफ्नो प्रस्तुती व्यक्त गर्नु भएको थियो। यसै क्रममा इलाइब्रेरीको विविध पक्ष बारे प्रस्तुति हेल्प नेपाल नेटवर्कका रोशेन्द्र ध्वज खड्काले गर्नु भएको थियो।

यस छलफ कार्यक्रमको निचोड पछि राष्ट्रिय योजना आयोगको अध्यक्षतामा दुई तहको समिति बनाउने निर्णय गरियो। उक्त समितिमा नेपाल सरकार तर्फबाट राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सूचना प्रविधि सम्बन्धि उच्चस्तरीय आयोग तथा अन्य सान्दर्भिक सरकारी निकायका प्रतिनिधिहरुका साथै गैरसरकारी क्षेत्रबाट गैरआवासीय नेपाली संघ, हेल्प नेपाल नेटवर्क र अन्य सम्बधित संस्थाबाट प्रतिनिधि रहनु हुने भएको छ।

यस कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले नेपाल सरकारसंग सहकार्य गरेर एनआरएनको सहयोगमा नेपालमा इलाइब्रेरी संचालन हुन लागेकोमा नेपाल सरकार र यसमा सहयोग गर्ने सस्थाहरुलाई हार्दिक बधाइ दिनु भयो र यसलाई दिगो र सफल बनाउन गैरआवासीय नेपालीहरुको महत्वपूर्ण भूमिका रहने बताउनु भयो। यस कार्यक्रममा नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालयका सचिव लिलामणि पौडेल, राष्ट्रिय योजना आयोगका सदस्य डा. तीर्थराज खनियाँ, शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल, गैरआवासीय नेपाली संघका संरक्षक भीम उदास, आइसिसि सदस्य डा. प्रमोद ढकाल, रसीयका एनआरएन रामेश्वर गौतम र रंजना रंजीतका साथै अन्य मुलुकबाट आउनु भएका एनआरएनहरु, इनआरडिका अध्यक्ष महावीर पुन, हेल्प नेपाल नेटवर्कका संस्थापक अध्यक्ष रविन्द्र मिश्र, हेल्प नेपाल नेटवर्कका अध्यक्ष अरुण सिंह बस्नेत सहभागी रहनु भएको थियो भने यस छलफल कार्यक्रमको संचालन गैरआवासीय नेपाली संघका कार्यकरी निर्देशक होमराज आचार्यले गर्नु भएको थियो।

इलाइब्रेरी सम्बन्धी सम्पूर्ण कार्य अब बन्ने समितिको संयोजनमा हुने कुरा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं छलफल कार्यक्रमका सभापति डा. जगदीश चन्द्र पोखरेलले बताउनु भयो।

---

## गैरआवासीय नेपाली संघ र नेपाल हस्तकला महासंघ वीच सम्झौता पत्रमा हस्ताक्षर



नेपाली हस्तकलालाई विश्वका विभिन्न मुलुकमा प्रवर्द्धन गर्ने उद्देश्यले गैरआवासीय नेपाली संघ र नेपाल हस्तकला महासंघ वीच आपसी सहकार्यलाई अगाडि बढाउन एक समझदारी भएको छ । सो समझदारी पत्रमा गैरआवासीय नेपाली संघको तर्फबाट अध्यक्ष देवमान हिराचन र नेपाल हस्तकला महासंघको तर्फबाट अध्यक्ष विकासरत्न धाख्वाले २०६७ फाल्गुण ३ गते तद अनुसार February 15, 2011 एक समझदारी पत्रमा हस्ताक्षर गरी अगाडी बढ्ने सहमति भएको छ ।

नेपाली निर्यातयोग्य वस्तुहरु मध्येको एक प्रमुख वस्तुको रुपमा हस्तकलाका वस्तुहरु १०० भन्दा बढी समुद्रपारका मुलुकहरुमा निर्यात हुँदै आएका छन् । राष्ट्रिय विकासको लागि आवश्यक विदेशी मुद्रा आर्जन गर्न हस्तकला क्षेत्रले महत्वपूर्ण

भूमिका खेल्दै आई रहेको छ। तर बजार प्रवर्द्धन सम्बन्धि प्रयास कार्य नहुँदा हस्तकलाको निर्यात व्यापार अपेक्षित रुपमा अघि बढ्न सकिरहेको छैन । आजको भूमण्डलीय विश्व बजारिकरणको अवस्थामा हस्तकला महासंघको एक्लो प्रयासले मात्र अन्तर्राष्ट्रिय बजार प्रबर्द्धनको कार्य पर्याप्त नहुने भएकोले यस क्षेत्रको प्रवर्द्धनका लागि स्वदेश भित्र र विदेशका संस्थाहरु वीच हातेमालो र सहकार्य गरी अगाडी बढ्नु पर्ने जरुरी देखिएको छ ।

समझदारी अनुसार मुख्यतया निम्न क्रियाकालपहरु सम्पन्न हुने छन्:

- दुवै संस्थाको परामर्शमा व्यापार तथा व्यवसाय बृद्धिका क्रियाकलापहरु संचालन गर्ने
- प्रशिक्षण, प्रदर्शनी, व्यापार मेला, क्रेता विक्रेता भेटघाट तथा अनुभव सम्बन्धी सूचना एक आपसमा आदान प्रदान गर्ने
- उपयुक्त प्राविधिक तथा विज्ञहरुको अनुभव एक आपसमा आदान प्रदानगर्ने
- व्यापारिक चुनौतीहरु सम्बोधन गर्न दुवै संस्थाले संयुक्त कार्यक्रमहरु अगाडि बढाउने
- सरकारी क्षेत्रका कमी कमजोरीहरु पहिल्याई सरकारलाई आवश्यक सरसल्लाह तथा सुझाव उपलब्ध गराउने
- दुवै संस्थाले संयुक्त रुपमा सरकारी नीति निर्माताहरुसंग समय समयमा अन्तरक्रिया गर्ने र सम्बन्धित विदेशी मुलुकहरुबाट कच्चा पदार्थको विशेष आपूर्ति व्यवस्था, मूल्य, अभिबृद्धि कर तथा भन्सार छुटको पहल अगाडि बढाउने
- एक अर्काले कार्यक्रमहरुको लागि आफ्नो कार्यालयको प्राङ्गण/परिसर तथा श्रोत साधनहरु उपयोग तथा प्रयोग गर्नसक्ने व्यवस्था मिलाउने

## खुला विश्वविद्यालयको सम्पर्क कार्यालय शिक्षा मन्त्रालयमा स्थापना

एन.आर.एन र नेपाल सरकारको संयुक्त पहलमा नेपालमा खुला विश्वविद्यालयको स्थापना गर्ने विषयमा सन् २०१० अक्टोवर ७ तारिखका दिन काठमाडौंको अन्नपूर्ण होटेलमा आयोजना गरिएको विशेष छलफलको निष्कर्ष स्वरुप हस्ताक्षर गरिएको रिजोलुसनलाई आधार मानि गत डिसेम्वर २३, २०१० का दिन बसेको खुला विश्वविद्यालय स्टेरिङ कमिटिको पहिलो वैठकले खुला विश्वविद्यालयको सम्पर्क कार्यालय शिक्षा मन्त्रालय राख्ने निर्णय गरे बमोजिम शिक्षा मन्त्रालयका सहसचिव महाश्रम शर्माले गत फेब्ररअरी, १३, २०११ का दिन गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनलाई कार्यालयको साँचो हस्तान्तरण गरेपछि अध्यक्षले सो साँचो खुला विश्वविद्यालय स्टेरिङ कमिटिका सदस्य सचिव एवं आइसिसि सदस्य डा. प्रमोद ढकालालाई प्रदान गर्नु भयो।

खुला विश्वविद्यालयको सम्पर्क कार्यालयको सरसफाइ अगाडि बढाउनुका साथै त्यहाँ हाइस्पिड इन्टरनेट जडान गरिसकेको छ । खुला विश्वविद्यालयको सम्पर्क कार्यालय शिक्षा मन्त्रालयमा राख्ने अनुमति दिएर शिक्षा मन्त्रालयले एनआरएनसंगको सहकार्यमा प्रतिवद्द साझेदार भएको छ । गैरआवासीय नेपाली संघ शिक्षा मन्त्रालयबाट यस विषयमा प्राप्त सबै तहको सहयोगको लागि तहांका सचिव शंकर पाण्डे र सहसचिवद्वय जनार्दन नेपाल र महाश्रम शर्मालाई धन्यवाद ज्ञापन गर्दछ ।

खुला विश्वविद्यालयको सम्पर्क कार्यालयको ठेगानाः
नेपाल सरकार शिक्षा मन्त्रालय
केशर महल, काठमाडौ।

## सामूहीक लगानी सम्बन्धमा नेपाल राष्ट्र बैंकको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन

दुवइमा भएको पाँचौ गैरआवासीय नेपाली सम्मेलनको घोषणा पत्रमा गैरआवासीय नेपाली सामूहिक लगानी कोष स्थापनका लागि नेपाल राष्ट्र बैंकको संयोजकत्वमा गठन भएको कार्यदलमा धितोपत्रबोर्ड, नेपालमा संचालनमा रहेका वैकिंग क्षेत्र र गैरआवासीय नेपाली संघबाट दुई जना प्रतिनिधिमा संरक्षक भीम उदास र संघका कोषाध्यक्ष रामेश्वर शाह रहनु भएको छ । सात सदस्यी कार्यदलको वैठक गत १६ र १७ फेब्रुअरी २०११ मा नेपाल राष्ट्र बैंकमा बसेको थियो । उक्त वैठकमा नेपाल राष्ट्र बैक लगायत सम्बन्धित क्षेत्रका केही प्रतिनिहरुको उपस्थिति रहेको थियो । बैठकमा गैरआवासीय नेपाली संघबाट संरक्षक भीम उदास र सचिवालयका कार्यकारी निर्देशक होमाराज आचार्यले भाग लिनु भएको थियो । अर्को हुने वैठकमा सातसदस्यिय कार्यदल गठन र कार्यक्रमहरुबारे निर्णय हुने भएको छ ।

# राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम

## कोरीयामा खुल्ला विश्वविधालय स्थापना सम्बन्धि अन्तरकृया कार्यक्रम सम्पन्न

द.कोरिया नोभेम्बर २, २०१०- गैरआवासिय नेपाली संघ कोरिया र नेपाली विधार्थी समाज कोरिया (सोन्सिक)को संयुक्त आयोजनामा नेपालमा खुल्ला विश्वविधालय स्थापनाको अवधारणा सम्बन्धि एक अन्तरकृया कार्यक्रम राजधानी सिउल स्थित नेपाली दुतावासको भवनमा सम्पन्न भयो।

कोरियाका लागि नेपाली राजदुत कमल प्रसाद कोईरालाको प्रमुख आतिथ्यमा उक्त कार्यक्रमको संचालन NRN कोरियाका ICC प्रतिनिधि तथा कार्यक्रम संयोजक डा. देवी बस्नेतले गर्नु भएको थियो। कार्यक्रमको शुरुवातमा संयोजक डा. बस्नेतले कार्यक्रमको औचित्यको बारेमा प्रकास पार्नुहुदै कार्यक्रमले खुल्ला विश्वविधालयको स्थापनाको लागि प्रवासी नेपाली तथा अन्तर्राष्ट्रिय निकायहरुसंग के-कसरी सहकार्य गर्न सकिन्छ भन्ने कुराको जानकारी दिने कुरा बताउनुभयो ।

उद्घाटन मन्तव्यको रुपमा प्रमुख अतिथि नेपाली राजदुत कोईरालाले कार्यक्रमको महत्वको बारेमा प्रकास पार्नुहुंदै NRN को पहलमा नेपालमा खुल्ला विश्वविधालय स्थापनाको सफलताको कामना गर्नुभयो।

## दोहोरो नागरिकताको विषयमा एनआरएन युकेको अन्तरक्रिया कार्यक्रम




गैरआवासीय नेपाली संघ युकेले डिसेम्बर ४ मा दोहोरो नागरिकताको सम्बन्धी एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । संविधानसभा "मौलिक हक तथा निर्देशक सिद्धान्त" समितिका सभापति विन्दा पाण्डेको प्रमुख अतिथ्यमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । प्रमुख अतिथि पाण्डेले नेपालको नयाँ संविधान निर्माणको प्रक्रियामा आफ्नो समितिले संविधानसभालाई बुझाएको मस्यौदामा नागरिकता सम्बन्धि व्यवस्था बारे चर्चा गर्नु भएको थियो ।

सो कार्यक्रमको अध्यक्षता एनआरएन युकेका अध्यक्ष सुर्य गुरुङले गर्नुभएको थियो भने संचालन कोओिर्डनेटर भक्त गुरुङले र आगन्तुकहरुलाई स्वागत उपाध्यक्ष कुल आचार्यले गर्नु भएको थियो । कार्यक्रमको समापन गर्दै अध्यक्ष सुर्य गुरुङले नयाँ संविधानमा दोहोरो नागरिकताको व्यवस्था गर्ने सवाल अव निर्णायक चरणमा पुगेकोले हामी सम्पूर्ण गैरआवासीय नेपालीहरु जागरुक हुनुपर्नेमा जोड दिनु भयो । वहाँले अन्त्यमा प्रमुख अतिथी माननीय सभासद् विन्दा पाण्डे लगायत सहभागी सबैलाई आफ्ना महत्वपूर्ण अभिव्यक्तिहरुको लागि धन्यबाद दिनुभयो ।

## एनआरएनए बेल्जियमद्वारा नेपालको सम्माननीय प्रधानमन्त्रीको सम्मानार्थ रात्रीभोज सम्पन्न

०५ डिसेम्वर २०१०, लुभेन युरोपीयन कमिशनको निमन्त्रणामा बेल्जियम आउनुभएका नेपालका सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालको सम्मानार्थ एनआरएन बेल्जियमले बेल्जियमको लुभेन शहर स्थित एभरेष्ट बेसक्याम्प (नेपाली रेष्टुरेण्ट) मा रात्रीभोजको आयोजना गरी सम्मान कार्यक्रम सम्पन्न गरेको छ। उक्त रात्रीभोजमा नेपाल सरकारको परराष्ट्र सहसचिव धनन्जय झा, शिष्टाचार महापाल मुक्तिनाथ भट्ट, प्रमुख सुरक्षा अधिकृत कर्नेल मन बहादुर बस्नेत, प्रधानमन्त्रीका विदेश सल्लाहकार राजन भट्टराई, संयुक्त राष्ट्र संघकालागि नेपाल सरकारको स्थाई प्रतिनिधी महामहिम ज्ञानचन्द्र आचार्य साथमा नेपाली दुतावास बेल्जियमका महामहिम राजदुत प्रमेश कुमार हमाल, उप नियोग प्रमुख दिपक धिताल, प्रथम सचिव सुश्री रिता धिताल, एनआरएनए युरोपका उपसंयोजक रविन्द्रमान श्रेष्ठ, एनआरएनए बेल्जियमका आइसिसि सदस्य अर्जुन कुमार श्रेष्ठ लगायत पदाधिकारीहरु, गैरआवासीय नेपालीहरु लगायत अन्यत गन्यमान्य व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

## एन.आर.एन. यूकेको बैठक सम्पन्न



एन.आर.एन. यूकेको बैठक २३ जनवरीमा प्लमस्टिडस्थित लण्डन कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेण्टको सभाकक्षमा सम्पन्न भएको छ । बैठकमा महत्वपूर्ण निर्णयहरु गरिनुका साथै आपतमा परेकाहरुलाई आर्थिक सहयोग गरिएको बारे जानकारी दिइएको थियो ।

बैठकले आगामी जुलाई ९ तारिखमा लण्डनस्थित ट्राफल्गर स्क्वायरमा आयोजना गरिने भिजिट नेपाल २०११ सम्बन्धि नेपाल प्रवर्द्धन कार्यक्रमको तयारीको बारेमा छलफल गरेको छ ।

## कतारवासी एनआरएनहरुद्वारा श्री मैदान उच्च माध्यमिक विद्यालयलाई सहयोग



पोखरा, कार्तिक १८। स्याङजा जिल्ला बाँगे फट्के गा.वि.स. स्थित श्री मैदान उच्च माध्यमिक विद्यालयलाई गत १६ कार्तिक मंगलवारका दिन एक विशेष समारोहमा कतारमा कार्यरत गैरआवासीय नेपालीहरुको तर्फबाट एनआरएनए–एनसिसि कतारका महासचिव बिलबहादुर गुरुङले दुई थान कम्प्युटर र नगद रकम पचास हजार दुई सय तीस सहयोग स्वरुप हस्तान्तरण गर्नु भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुर्णविर गुरुङको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथिमा बाँगे–पोखरा सामुदायिक मिलन चौतारी पोखराका अध्यक्ष क्या.बुद्धिबहादुर गुरुङ हुनुहुन्थ्यो। शिक्षक चेतनदास शर्माले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा बाँगे–पोखरा सामुदायिक मिलन चौतारी पोखराका उपाध्यक्ष कृष्णबहादुर क्षत्री, सचिव कुलप्रसाद शर्मा, कोषाध्यक्ष सु.जयबहादुर गुरुङ, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद (एनआरएनए–एनसीसी) कतारका महासचिव बिलबहादुर गुरुङ, शिक्षक अविभावक संघका अध्यक्ष विजय गुरुङ लगायत ठूलो संख्यामा अविभावक, शिक्षक र विद्यार्थीहरुको उपस्थिति थियो।

## Nepali student heads Harvard Graduate Student Council



A Nepali student, Dr. Pukar Malla, has been elected as the President of the Harvard Graduate Council for the academic year 2010/11. Malla is a Masters in Public Administration candidate at the Harvard Kennedy School of Government. This is the first time that a Nepali national has been elected to such an esteemed position at Harvard.

The graduate council is a representative student government of the twelve graduate and professional schools at Harvard and serves the interests of the 13,600 graduate students at Harvard. The council advocates student issues to the central administration, fosters cross-university collaboration and nurtures social ambience among the graduate students, according to fellow Harvard student Bisundev Mahato.

Malla's team recently organised the inaugural Harvard Leadership Conference, where 300 students and 41 speakers participated. Former Prime Minister of Haiti, Michele Pierre-Louis, Rear Admiral Susan Blumenthal and US Congressman Ed Markey were the keynote speakers. This year, the council also aims to officialise university-wide student groups.

Mr.Malla has been educated at acclaimed institutions including Swarthmore, Cornell and Harvard in USA. He has been an active member of the Nepali community in the US. He is the Co-Founder and Secretary General of the global Nepali youth movement, Nepal Ko Yuwa. He is an International Coordination Council member of the NRN Association and a Co-Founder of the Computer-Association of Nepal - USA.

## बेल्जियममा नेपाल पर्यटन वर्ष २०११ को संयुक्त प्रवर्धनको शुभारम्भ

नेपाली राजदूतावास ब्रसेल्स, द हिमालयन सोसाइटी, सिन्ट ट्रइदिन तथा गैरआवासीय नेपाली संघ बेल्जियमको संयुक्त तत्वावधानमा यही माघ ८, २०६७ (२२ जनवरी २०११) का दिन सिन्ट ट्रइदिन शहरमा एक विशेष कार्यक्रमको आयोजना गरी बेल्जियममा नेपाल पर्यटन वर्ष २०११ को संयुक्त प्रवर्धनको शुभारम्भ गरियो। उक्त कार्यक्रममा सिन्ट ट्रइदिन शहरका मेयर लगायत अन्य विशिष्ट ब्यक्तित्वहरु, भ्रमण लेखक, ट्राभल टुर अपरेटरहरु एवं स्थानीय बेल्जियन संस्थाका प्रतिनिधीहरु, फ्रेन्ड्स अफ नेपाल लगायत गैर आवासीय नेपाली संघका पदाधीकारीहरु, बेल्जियम स्थित नेपाली संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

